Waling Multiple Campus Journal
Vol. 2, No. 1: 148-158, May, 2026
Research Management Cell (RMC),
Waling Syangja, Nepal

# भूपी शेरचनका कवितामा भाषिक विचलन

**उपप्राध्यापक इन्दु श्रेष्ठ**
नेपाली विषय विभाग, वालिङ बहुमुखी क्याम्पस
industha2042@gmail.com

**लेखसार**

*प्रस्तुत लेख कवि भूपी शेरचनद्वारा लिखित कवितामा भाषिक विचलनसम्बन्धी अध्ययनमा केन्द्रित छ । यो अनुसन्धान गुणात्मक प्रकृतिको भएकाले सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यसमा विश्लेषणका लागि छनोट गरिएका भूपी शेरचनका 'घुम्ने मेचमाथि अन्धो मान्छे' कविता सङ्ग्रहलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने विचलनको सिद्धान्तसँग पुस्तक तथा लेखहरूलाई द्वितीय सामग्रीका रुपमा लिइएको छ । यस लेखमा 'भूपी शेरचनका घुम्ने मेचमाथि अन्धो मान्छे' कविता सङ्ग्रहमा भाषिक विचलन के कस्तो रहेको छ ? भन्ने मूल समस्यामा केन्द्रित भई उक्त समस्याको समाधान गर्नु मुख्य उद्देश्य रहेको छ । गुणात्मक ढाँचामा आधारित यस अनुसन्धानमा भाषिक विचलनको विश्लेषण गर्दा वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । कविता साहित्यको महत्वपूर्ण विधा हो जसमा भाषा केवल विचार अभिव्यक्तिको माध्यम मात्र नभई सौन्दर्य सिर्जनाको साधन पनि हो । कवितामा प्रयोग हुने भाषा सामान्य भाषाभन्दा फरक हुन्छ । कविले भाव, अनुभूति र कलात्मक प्रकट गर्न भाषाका प्रचलित नियम, संरचना तथा प्रयोगबाट भिन्न शैली अपनाउँछन् जसलाई भाषिक विचलन भनिन्छ । भाषिक विचलन अग्रभूमि निर्माणको एउटा उपाय हो । भाषा प्रयोगलाई आफ्ना स्वचालित तथा अपरिचित प्रयोग व्यवस्थाबाट मुक्त गरी एकदमै नवीन, आश्चर्यजनक तथा आकर्षण बनाई भावाभिव्यक्तिलाई अझ प्रभावकारी पार्नु भाषिक विचलनको मूल अभीष्ट भएकाले यस अध्ययनबाट पनि भाषिक विचलनको प्रयोगले भूपी शेरचनका कविता आलङ्कारिक, वक्रोक्तिमय र प्रभावकारी बनेको छ भन्ने निष्कर्ष प्राप्त भएको छ ।*

***मुख्य शब्दकुञ्जी:*** अग्रभूमीकरण, वक्रोक्ति, पर्यायमूलकता, श्रुतिमधुर

## विषय परिचय

कविता नेपाली साहित्यको सर्वप्राचीन लोकप्रिय विधा हो । यसमा व्यक्त भावलाई सुन्दर र शक्तिशाली बनाउने तत्व शिल्प हो । शिल्प कविताको सौन्दर्य वा कलात्मक पक्ष हो । भाषिक विचलन त्यस्तै

एउटा शिल्प पक्ष हो । प्रत्येक भाषाको आफ्नो निश्चित नियम अथवा व्याकरण व्यवस्था हुन्छ । दैनिक व्यवहारमा आउने भाषा आफ्नो नियम वा व्यवस्थामा बाँधिएको हुन्छ । नियम वा व्यवस्थामा बाँधिएको भाषा त्यस भाषाको मानक हुन्छ भने मानकको अतिक्रमण विचलन हो । अर्थात भाषाको नियमभन्दा फरक ढङ्गले गरिएको प्रयोग विचलन हो । यही विचलनले साहित्यमा शैलीको निर्माण गर्दछ । यसको तात्पर्य भाषाको सामान्य नियमविपरीत कवितामा अग्रभूमीकरण, अतिशयोक्ति र बक्रोक्तिका रूपमा नयाँ र नौलो तरिकाले प्रयोग गर्नु विचलन हो । मानक भाषाको अतिक्रमण बिना काव्य वा कविताको सिर्जना नै हुँदैन तर मानकको अतिक्रम गरेर विशिष्ट तुल्याइएको भाषा भने सार्थक हुनुपर्छ । विचलनका नाममा गरिने निरर्थक प्रयोगले भाषालाई विकृत तुल्याउने बाहेक केही गर्दैन । त्यसैले विचलनको प्रयोग अत्यन्त सचेततापूर्वक गरिनुपर्छ । कवितामा सामान्य भाषा पृष्ठभूमिका रूपमा रहन्छ र त्यही पृष्ठभूमिमा गरिएको सार्थक विचलनले भाषालाई काव्यात्मक बनाउँछ । मानकको विचलन साहित्यमा मात्र होइन, पत्रपत्रिकामा, विज्ञापन र दैनिक प्रयोगको भाषामा पनि हुन्छ तर त्यहाँ त्यो काव्यात्मक रुपमा नभएर सङ्केतात्मक रूपमा मात्र रहन्छ ।

भूपी शेरचनका कविताका बारेमा विभिन्न दृष्टिकोणबाट अध्ययन भए तापनि विचलनको सिद्वान्तका आधारमा त्यति भएको पाइँदैन । त्यसैले भूपी शेरचनका कविताहरूमा भाषिक विचलनको खोजी गर्नु र कवितामा भाषिक विचलनले सिर्जना गर्ने काव्यात्मक प्रभावको विश्लेषण गर्नु यस शोधकार्यको मूल समस्या हो । उक्त समस्याको समाधान गर्नु नै यस शोधलेखको मुख्य उद्देश्य हो ।

## समस्या कथन र उद्देश्य निर्धारण

प्रस्तुत लेख "भूपी शेरचनका घुम्ने मेचमाथि अन्धो मान्छे" कविता सङ्ग्रहमा भाषिक विचलन के कस्तो रहेको छ त्यसको खोजी प्राज्ञिक समस्याका रूपमा रहेको छ भने यसको समस्याको समाधानमा केन्द्रित भई उक्त समस्याको समाधान गर्नुलाई मुख्य उद्देश्यको रूपमा लिइएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक ढाँचामा आधारित छ । यो अनुसन्धान मूलतः साहित्यिक अनुसन्धान भएकाले सामग्री सङ्कलनको मूल आधार पुस्तकालयलाई बनाइएको छ । यस क्रममा यस विषयक्षेत्र अन्तर्गतका विश्लेष्य कविता प्राथमिक सामग्रीका रूपमा रहेका छन् भने सैद्धान्तिक पर्याधार निरुपण र कविता विश्लेषणका क्रममा प्रयोग गरिएका सन्दर्भ ग्रन्थहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन् । यसमा निगमनात्मक विधि अवलम्बन गरिएको छ भने विचलनको प्रयोग हेर्दा विश्लेषणात्मक विधिहरूको उपयोग गरी व्याख्या विश्लेषण गरिएको छ । यसमा कोशीय विचलन, व्याकरणिक विचलन, वर्णविचलन, आर्थी विचलन, भाषिकागत विचलन र प्रयुक्ति विचलन आदि युक्तिहरूलाई सैद्वान्तिक आधार बनाइएको छ ।

**अध्ययनको परिसीमा**

प्रस्तुत अध्ययन गुणात्मक ढाँचामा आधारित छ । पुस्तकालयीय अध्ययनको प्रयोग गरी "घुम्ने मेचमाथि अन्धो मान्छे" कविता सङ्ग्रहमा भाषिक विचलनको खोजमा परिसीमित रहनुका साथै ति विषयवस्तुको शाब्दिक रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

**अध्ययनको औचित्य**

"घुम्ने मेचमाथि अन्धो मान्छे" कवितामा भाषिक विचलन कस्तो रहेको छ भनी अध्ययन गर्न चाहाने जो कोहीलाई पनि यो लेखले सहयोग पुऱ्याउने छ । भावी दिनहरूमा यही विषय सम्बद्ध लेख लेखी आफ्नो लेखलाई उच्चता प्रदान गर्नका निम्ति पनि यस लेखले भरपुर सहयोग गर्नेछ । यी आधारहरूको आधारमा प्रस्तुत लेख औचित्यपूर्ण छ भन्न सकिन्छ ।

**सैद्वान्तिक पर्याधार**

विचलन शैलीविज्ञानमा प्रचलित पारिभाषिक शब्द हो । यसलाई अङ्ग्रेजीमा डेभिएसन भनिन्छ । शैलीविज्ञानमा विचलनलाई मानकको अतिक्रमण मानिन्छ । कुनै भाषाको व्याकरणसम्मत नियम मानक हो भने मानकको उल्लङ्घन विचलन हो । विचलनको सैद्धान्तिक आधार ससुरको लाङ (भाषा) र प्यारोल (वाक) मा आधारित छ । ससुरका अनुसार भाषा भनेको सिङ्गो संरचना वा व्यवस्था हो भने वाक् भनेको त्यस संरचना वा व्यवस्थाअन्तर्गत प्रत्येक व्यक्तिद्वारा प्रयोगमा ल्याइने बोली हो । भाषा एक प्रकारको रूप, संरचना वा व्यवस्था हो । भाषा सबैको साझा हुने हुनाले यो सामाजिक हुन्छ । सामाजिक संस्थाका रुपमा रहेको भाषा सङ्केतहरूको व्यवस्था हो । भाषामा निश्चित नियमहरू हुन्छन् । ती नियम अथवा सङ्केत व्यवस्था त्यस भाषा बोल्ने भाषिक समाजले स्वीकार गरेको हुनुपर्छ । व्यवस्थाबाहिर भाषिक सङ्केतहरूको कुनै अर्थ हुँदैन । सङ्केतहरू एकअर्कासँग पृथक हुन्छन् । त्यसैले प्रत्येक सङ्केतको आ-आफ्नो महत्व हुन्छ । (बास्किन, सन् २०११, पृ-७-१५) कोर्स इन जर्नल लिङ्गुइस्टिकमा उनी भन्छन्- भाषा सिङ्गो संरचना वा व्यवस्था भएको हुनाले अस्पृश्य र अमूर्त हुन्छ । व्यक्तिबोली चाहिँ व्यवस्थाको छुट्टै अंश भएकाले मूर्त हुन्छ । अर्थात प्रत्येक व्यक्ति आ-आफ्नो क्षेत्र, जाति, समुदाय, लिङ्ग, उमेर र शिक्षाका साथै संस्कारबाट पृथक हुने भएकाले व्यक्ति बोली बिसम हुन्छ र मूर्त रुपमा देखापर्छ । नोम चम्स्कीले रुपान्तरण व्याकरण सिद्धान्तमा यसैलाई सामर्थ्य (कम्पिटेन्स) र प्रतिपादन-एक्सप्यानसन) भनेका छन् (कलर, सन १९८६ पृ.९) । यसबाट के स्पष्ट हुन्छ भने सामर्थ्य मानक हो भने प्यारोल र प्रतिपादन विचलन हो । विचलनकै कारण साहित्यिक भाषा सौन्दर्यपूर्ण बन्छ ।

यान मुराकोभस्कीले Standard Language and poetic language मा भाषालाई मानक र विचलन गरी दुई भागमा विभाजन गर्दै काव्यभाषा सामान्यभन्दा भिन्न जानाजान बङ्ग्याइएको विचलित रुप हुने बताएका छन् । कवितामा देखापर्ने यस्तो भाषा बोलचालकै पृष्ठभूमिमा अग्रभूमीकरणद्वारा निर्माण

हुने यिनको भनाइ छ । यिनले सामान्य भाषा यान्त्रिक हुन्छ भने काव्यभाषा अग्रभूमीकरणका कारणले अयान्त्रिक हुन्छ । अग्रभूमीकरणले दैनिक व्यवहारमा यान्त्रिक बनेका शब्दहरूलाई नवीन ढंङ्गले प्रस्तुत गर्छ र हामीलाई त्यो पढ्दा मनमोहक लाग्दछ भनेका छन् । (एडम्स, सन् १९९२.पृ.९७६-९८२) ।

जियोफ्रे एन. लिचले A linguistic Guide to English Poetry मा भाषिक विचलनलाई अग्रभूमीकरणको सामान्य सिद्वान्त मान्दै फोटोग्राफी प्रकृतिको हुबहु नक्कल मात्र नभएर मानकका विपरीत विचलन हो भनेका छन् (लिच्, सन् १९९६, पृ.५६-५७) । उदाहरणका लागि चित्रकला प्रकृतिको मानकका विपरीत विचलन भए जस्तै भाषिक क्षेत्रमा देखिने विचलन अग्रभूमिकरण हो । यस्तो अग्रभूमीकरणको ज्वलन्त उदाहरण कविता हो । कवितामा सामान्य भाषा पृष्ठभूमि बन्छ भने भाषिक विचलन चाहिँ अग्रभूमीकरण बन्छ ।

रोमन याकोब्सनका अनुसार Languistics and Poetics मा भाषाको काव्यात्मक प्रकार्य कवितामा अन्य प्रकार्यभन्दा माथि उठेको हुन्छ तर यसलाई कसरी मापन गर्ने ? यस विषयमा उनले चयन-संयोजन र रुपक लक्षणाको द्विचरविरोधी सिद्वान्त प्रस्तुत गरेका छन् । यसमा उनले समग्र बाचाघात रोगीहरूलाई दुई भागमा विभाजन गर्दै पहिलो प्रकारको बाचाघातको रोगीले अधिभाषिक परिचालन गर्न नसक्ने हुँदा समानता छुट्याउन नसक्ने बताउँदै दोस्रो प्रकारको रोगीले भाषिक एकाइहरूको क्रम मिलाउन नसक्ने हुँदा निरन्तरताको सम्बन्ध छुट्याउन नसक्ने बताउँदै पहिलो प्रकारको समानताको क्रमभङ्गलाई रुपक र दोस्रो प्रकारको निरन्तरताको क्रमभङ्गलाई लक्षणा भनेका छन् । उनका अनुसार भाषाको काव्यात्मक प्रकार्यले समानताको सिद्वान्तलाई चयनका अक्षबाट झिकेर लगी संयोजनका अक्षमा मिलाउँछ । साहित्यमा चयन-संयोजनको यो प्रक्रिया सामान्य नभएर विशिष्ट हुन्छ । चयन विन्यासक्रमी अक्षमा क्रियाशील हुन्छ भने संयोजन विन्यासक्रमी अक्षमा क्रियाशील हुन्छ । चयन समानता, असमानता, पर्यायमूलकता, विपरीतार्थकतामा आधारित हुन्छ भने संयोजक अनुक्रमको रचना गर्दै सामिप्य, सान्निध्यका आधारमा प्रस्तुत हुन्छ । (लज, सन् १९८८ पृ.५७-६१)

**संस्कृत काव्यशास्त्रमा विचलन**

संस्कृत काव्यशास्त्रमा विचलनको गहन अध्ययन पाइन्छ । संस्कृत काव्यशास्त्रीहरूले काव्यभाषालाई अतिशयोक्ति र वक्रोक्तिका रुपमा हेरेका छन् । भामहका अनुसार सामान्य शब्दार्थ त केवल वार्ता हुन्छ । सूर्य अस्ताए, चन्द्रमा चम्कन्छ, पंक्षी आफ्नो बासस्थान फर्कन्छन् जस्ता कथन सामान्य वार्ता हुन् । वार्ता (शब्दार्थ) मात्रले साहित्य बन्ने क्षमता राख्दैन -भामहको काव्यालङ्कार ग्रन्थ (सन् २००८, पृ. ३० र ६९) । उनको भनाई छ - लोकातिक्रान्तगोचर वचन नै अतिशयउक्ति हो र यो अतिशय उक्ति नै काव्यको रमणीयता वा अलङ्कार हो (भामह, सन् २००८ पृ.६९) । भामहले भनेको यो अलङ्कार वक्रोक्ति हो जसले सामान्य कथन वा वार्ताबाट काव्यलाई अलग र विशिष्ट बनाउँछ । भामहले जुन अतिशयोक्तिलाई वक्रोक्ति एवम् “लोकातिक्रान्तगोचर वचन” भनेर परिभाषित गरेका

थिए त्यसको चरम विकास कुन्तकको वक्रोक्ति सिद्धान्तमा भएको छ । कुन्तकका अनुसार काव्य शब्द र अर्थको समन्वित सम्बन्धमा आधारित हुन्छ तर सामान्य अभिधाको जुन अतिक्रमणका कारण काव्यभाषा विशिष्ट हुन्छ, त्यो वैदग्ध्यभङ्गीभणिति हुन्छ । उनी भन्छन् शब्द र अर्थ दुवै अलङ्कार्य हुन्छन् । चतुरतापूर्ण शैलीमा भनिएको कथनरुप वक्रोक्ति ती दुवै शब्द र अर्थका अलङ्कार हुन्छन् । (कुन्तक, सन् १९५५, पृ.५१)

**पूर्वकार्यको अध्ययन**

Pantha, N. P., & Poudel, I. (2025). द्वारा विचलनका आधारमा चरीमाई उपन्यासको अध्ययन गरिएको छ । चरीमाई अन्जना पौडेल अनुश्रुतीद्वारा लेखिएको उपन्यास हो । यस लेखको मुख्य उद्देश्य विचलका आधारमा चरीमाई उपन्यासको विश्लेषण गर्नु हो । यसमा प्राथमिक सामग्रीका रूपमा चरीमाई उपन्यासलाई लिइएको छ भने पुस्तकालय कार्यबाट पुस्तक, पत्रपत्रिका, शोधपत्र तथा लेखरचनाहरूलाई द्वितीय सामग्रीका रूपमा उपयोग गरी वर्णनात्मक विधिको प्रयोग गरिएको छ । लेखमा विचलका सान्दर्भिक प्रयोगको विश्लेषण गरिएको छ । यसले उपन्यासको बाह्य सौन्दर्य बढाउनुका साथै भावगत गहनतालाई जीवन्त तुल्याएको छ । भाषिक विचलको सार्थक प्रयोगले उपन्यासको भाव र अर्थगत पक्ष सौन्दर्यपूर्ण बनेको छ । प्रतीकात्मक, लक्ष्यार्थ, व्यञ्जनामूलक भाषिक एकाइ, उखान र टुक्काको प्रयोगले उपन्यासमा आकर्षण थप्नुका साथै प्रस्तुतीमा सौन्दर्य बढाएको छ । उपन्यासमा ध्वनि, कोशीय, भाषिकागत, प्रयुक्ति, व्याकरणिक, आर्थी र लेख्यप्रक्रियागत तहमा विचलनका सान्दर्भिक प्रयोग गरिएका छन् । प्रतीकात्मक भाषिक प्रयोग गरी आर्थी विचलनद्वारा अभिव्यक्तिलाई आकर्षक तुल्याई लक्ष्यार्थ र व्यञ्जनामूलक भाषिक एकाइको प्रयोग गरिएको छ । प्रस्तुतिमा सौन्दर्य बढाउँदै उपन्यासलाई आकर्षक बनाइएको निचोड निकालिएको छ । यो अध्ययन शिक्षक, विद्यार्थी, साहित्यप्रेमी तथा पाठकवर्गलाई उपयोगी हुने अपेक्षा गरिएको छ ।

गौतम (२०२३), द्वारा प्रस्तुत लेखमा समसामयिक नेपाली कवितामा भाषिक विचलनसम्बन्धी अध्ययनमा केन्द्रित छ । यो अनुसन्धान गुणात्मक प्रकृतिको भएकाले सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । यसमा विश्लेषणका लागि छनोट गरिएका कवितालाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने विचलनको सिद्धान्तसँग सम्बन्धित पुस्तक तथा लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसमा नेपाली कवितामा विचलनको प्रयोग के-कसरी भएको छ भन्ने कुराको अध्ययन गर्दा कोशीय विचलन, व्याकरणिक विचलन, वर्ण विचलन, आर्थी विचलन, भाषिकागत विचलन, प्रयुक्ति विचलन र लेखिमिक विचलनको उदाहरणसहित व्याख्या गरिएको छ । कवितामा भाषिक विचलनको विश्लेषण गर्दा यसमा वर्णनात्मक र विश्लेषणात्मक विधि प्रयोग गरिएको छ । यस अध्ययनबाट भाषिक विचलनको प्रयोगले समसामयिक नेपाली कविता आलङ्कारिक, वक्रोक्तिमय र प्रभावकारी बनेको छ भन्ने निष्कर्ष प्राप्त भएको छ ।

सिंह (२०१३) द्वारा प्रस्तुत शोधपत्रमा पागलबस्ती उपन्यासमा देखा परेका विभिन्न भाषिक विचलनलाई सूक्ष्म रूपले केलाइएको छ । विचलन के हो ? भन्ने सन्दर्भमा चलनचल्तीबाट, मानकबाट, नमुनाबाट हट्नु नै विचलन भनेका छन् । विचलन विभिन्न प्रकारका भएतापनि यस शोधपत्रमा व्याकरणिक विचलन, कोशीय विचलन र अर्थतात्विक विचलनबाट मात्र पागल बस्ती उपन्यासलाई हेरिएको छ ।

विश्वमा अस्तित्वमा रहेका सम्पूर्ण भाषाहरूको आ–आफ्नै भाषिक व्यवस्था हुने गर्दछ । त्यस भाषालाई व्यवस्थित गर्ने यस्ता नियम वा व्यवस्थालाई व्याकरणिक व्यवस्था भनिन्छ र स्रष्टाले अभिव्यक्तिको क्रममा व्याकरणिक व्यवस्थालाई अर्थात लिङ्ग, वचन, पुरुष, काल, पदक्रम, वाक्य आदि एकाइहरूमा अतिक्रमण गर्दछ भने त्यसलाई व्याकरणिक विचलन भनिन्छ ।

यस शोधपत्रको चौथो अध्यायमा कोशीय विचलनलाई पनि प्रस्तुत गरिएको छ । कोशमा प्रयुक्त शब्दबाट मात्र स्रष्टाले भाषिक अभिव्यक्ति प्रकटगर्न नसकेमा स्रष्टाले नयाँ शब्दको निर्माण गर्दछ वा पुरानै शब्दलाई नयाँ रूप दिएर प्रयोग गर्दछन् भने त्यसलाई कोशीय विचलन भनिन्छ । यस परिच्छेदमा रौसी, मरो, त्यौहार जस्ता कोशीय विचलनहरू खोजेर राखिएका छन् ।

लामिछाने (२०२३) द्वारा लेखमा 'सेतो धरती' उपन्यासमा प्रयुक्त अग्रभूमिनिर्माण अन्तर्गत रहेर भाषिक विचलनमा आधारित छ । अग्रभूमिनिर्माणका प्रमुख उपकरण समानान्तरता र विचलनमध्ये यहाँ विचलनको परिचय दिई सेतो धरती उपन्यासमा रहेको भाषिक विचलनको विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य हो । पुस्तकालयीय अध्ययन विधिबाट तथ्य सङ्कलन गरी सेतो धरती उपन्यासलाई प्राथमिक स्रोत तथा सैद्धान्तिक पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा लिइएको यस लेखमा वर्णनात्मक विधिको उपयोग भएको छ । विश्लेष्य उपन्यासमा मानक व्याकरणका मान्यतामा सीमित नबनी साहित्यिक कृतिलाई कलात्मक र सार्थक तुल्याउन शैलीविज्ञानमा स्थापित अग्रभूमि निर्माणका समानान्तर र विचलनअन्तर्गत विचलनको यथोचित उपयोग गरिएको पाइयो । उपन्यासमा प्रयुक्त भाषा पात्रानुकूल नै पाइन्छ । विश्लेष्य उपन्यासमा भाषिका, ध्वनि प्रक्रियात्मक, अर्थतात्विक, व्याकरणिक, पदक्रम र आदर विचलनमध्ये भाषिक विचलन अधिक रहेछ भन्ने देखियो जसले उपन्यास थप कलात्मक बनेको छ । साहित्यको समालोचनामा भाषिक विचलनको यो विश्लेषण एउटा नवीन आयाम हुन सक्ने अपेक्षा गरिएको छ ।

**भूपी शेरचनका कवितामा भाषिक विचलन**

विचलन भाषाका वर्ण, रुप, अर्थ, व्याकरण आदि क्षेत्रमा हुने भएकाले यसका प्रकार पनि अनेक हुन्छन् । जियोफ्रे एन. लिचका अनुसार कोशिय, व्याकरणात्मक, वर्णात्मक, लिपिगत, आर्थी, भाषिकागत, प्रयुक्तिगत, ऐतिहासिक अवधिगत आदि विचलनका मुख्य प्रकार हुन् । (लिच् सन् १९९६, पृ ४२-५२) । यस शोधकार्यमा कवि भूपि शेरचनका कवितामा प्राप्त कोशीय विचलन, व्याकरणिक

विचलन, वर्ण विचलन, आर्थी विचलन, भाषिकागत विचलन, प्रयुक्ति विचलन, लेखिम विचलन आदिको उदाहरणसहित अध्ययन गरिएको छ ।

**कोशीय विचलन**

कोशीय शब्द भनेको शब्दकोशमा प्रविष्ट शब्द हो । 'भाषा विशेषमा प्रचलित अथवा शब्दकोशमा समाविष्ट शब्दभन्दा भिन्न नयाँ शब्दको निर्माण र प्रयोगलाई कोशीय विचलन भनिन्छ' (लुइटेल २०७२ पृ.८१) यो शब्दनिर्माण प्रक्रियाको सामान्य र परम्परागत तरिकाभन्दा भिन्दै असामान्य तरिका हो । भूपी शेरचनका कवितामा पनि यस्ता कोशीय विचलनयुक्त शब्दको प्रयोग गरिएको पाइन्छ । जसले उनका साहित्यिक अभिव्यक्तिलाई महत्वका साथ प्रस्तुत गर्न सहयोग गरेको देखिन्छ, जस्तै :

बाटोभरी मादल बजाउँदै
बुटको आवाजले
आकाश घन्काउँदै
हतार हतार
चुहाउँदै पसीनाको धार
प्रत्येक वर्ष आउँछ असार
*(असार कविता)*

भूपी शेरचनको यस कविताको अंशमा मादल, बुट, घन्काउँदै, पसिना आदि शब्दहरूले कोशीय विचलनको उदाहरण प्रस्तुत गरेका छन् । यसमा मादलको आवाज र बुटको आवाजसँग असार महिना लागेसँगै आकाशमा हुने गड्याङ गुडुङको आवाजलाई संकेत गरिएको छ । लामो समयको अन्तराल पश्चात छोटो बिदा लिएर मादल बजाउँदै बुट बजाउँदै पसिना चुहाएर लाहुरे वर्ष दिनपछि गाउँमा आएझैँ असार पनि पानीरुपी पसिनाको धारा छुटाउँदै धर्तीमा अवतरण गर्दछ । लाहुरेको पसीनाले आकाशबाट झर्ने पानीको धारालाई संकेत गरेको छ । यसरी यी शब्दहरूको प्रयोग मानकका विपरीत असमान्य रुपमा प्रयोग भई तिनले कवितामा भाषिक सौन्दर्य निर्माण गरेका छन् ।

**व्याकरणिक विचलन**

भाषाका आफ्ना व्याकरणिक नियमहरू हुन्छन् । कुनै पनि भाषा निश्चित व्यवस्थामा बाँधिएको हुन्छ । भाषामा हुने लिङ्ग वचन, पुरुष, आदर, कर्ता, कर्म, क्रियाका साथै वाक्यमा रहने पदको प्रयोजनवश गरिने अनियमिततालाई व्याकरणिक विचलन भनिन्छ । भूपी शेरचनका कवितामा पनि व्याकरणिक विचलन प्रशस्त भेटिन्छन् । भूपी शेरचनका कवितामा पनि व्याकरणिक विचलन प्रशस्त भेटिन्छन् । कवितालाई अझ लयात्मक, आलङ्कारिक र श्रुतिमधुर बनाउने प्रयोजनका लागि कवितामा व्याकरणिक विचलन गरेका छन् । उनका कवितामा निम्नानुसार व्याकरणगत विचलनहरू पाइन्छन् ।

आलुबखडाका हाँगा हाँगामा
फुल्दछन् कुखुराको चल्लाहरू
जहाँ...............
मृगमरीचिका पछि लाग्नेहरूको यादमा
रुन्छन् धूपी र सल्लाहरू
जहाँ..............
बाह्रैं महिना मानिसका गालामा
फुल्दछन् आरुका फूल
जहाँ..............
मुटुको स्पन्दनझै उफ्री उफ्री
खेल्दछन् मृगशावकका हुल
*(मेरो देश कविता)*

यस कविताांशमा पदक्रमको विचलन गरिएको छ । यसमा फुल्दछन्, रुन्छन्, खेल्दछन् जस्ता क्रियापद वाक्यको अन्त्यमा राखिनु पर्नेमा सुरुमा राखिएको छ । आलुबखडाका हाँगामा कुखुराका चल्लाजस्ता भुवादार फुल फुल्ने सौन्दर्यलाई बिर्सेर लोभलालच र तृष्णा बोकेर परदेशीयका प्रदेशीका सम्झनामा धूपी र सल्ला सुसाउँदै रुनु, परिश्रमी नेपालीहरूका गाला आरुका फूल जस्तै राता हुनु र मुटुका ढुकढुकीझै मृगका शावकहरू उफ्री उफ्री खेल्नेकुरा सङ्केतात्मक रुपमा प्रस्तुत गरी अभिव्यक्तिलाई विशिष्ट बनाइएको छ ।

**वर्ण विचलन**

साहित्य सिर्जनाका क्रममा रचनाकारले भाषामा रहने एउटा लिखित मानक ध्वनि वा वर्णव्यवस्थाको अतिक्रमण गरेर प्रयोग गर्नु नै वर्णात्मक विचलन हो । भाषामा वर्णको निश्चित रखाइक्रम हुन्छ । वर्णको विचलनमा वर्णहरूको प्रयोग लेखिमक नियमअनुसार नभएर नयाँ र नौलो ढङ्गमा प्रयोग गरिन्छ । भूपीका कवितामा पनि ध्वनि वा वर्ण व्यवस्थामा भाषिक नियमको अतिक्रमण गरिएको पाइन्छ, जस्तैः

ट्वाक्.......ट्वाक्.......ट्वाक्......ट्वाक्
निस्तेज भई आकाश पल्टेको छ
न्यास्रो अनुहार पारेर
बेमौसमको वर्षात
बेला-कुबेलाको बादलको गड्याङ-गुडुङ
आकाशलाई पखालो लागेको छ
विष्णुमतीको हैजे पानी पिएर
*(नयाँ वर्ष)*

यस कवितांशमा आकाश फुटेको आवाज झल्काउन ट्वाक ट्वाक ध्वनिको र बादल गर्जनको आवाज झल्काउन गड्याङ - गुडुङ ध्वनिको नक्कल गरिएको छ जसमा ध्वन्यात्मक विचलन देखिन्छ । ट्वाक - ट्वाक शब्द र ग, ड, ङ, ब जस्ता वर्णहरू दोहोऱ्याइएको छ जसले गर्दा ध्वनि, गति र समयको अनुभूतिलाई बलियो बनाएको छ । कविताको पङ्क्तिमा वर्णहरूको सङ्ख्यामा समानता पाइँदैन त्यसैले यो वर्ण विचलनको स्पष्ट उदाहरण हो । भूपि शेरचनले वर्णात्मक विचलनको प्रयोग गरेर यस कवितांशमा नयाँ वर्षको आगमनको उत्तेजना, सामाजिक चित्रण र समयको चक्रलाई कलात्मक तरिकाले प्रस्तुत गरेका छन् ।

**आर्थी विचलन**

भाषाका शब्द र अर्थ बिचको कोशीय सम्बन्ध अभिधात्मक हुने गर्दछ । साहित्यकारले सोझो अर्थलाई छाडेर विशिष्ट अर्थका लागि शब्दको प्रयोग गरेका हुछन् । यसरी विशिष्ट अर्थका क्रममा देखापर्ने अर्थगत परिवर्तन नै अर्थगत विचलन हो । भूपिका विश्लेष्य कविताका अधिकांश ठाउँमा विशिष्ट भाव र लय सिर्जनाका लागि अर्थगत विचलन गरिएको पाइन्छ ।

नाङ्गिएर
कवि सन्तुष्ट हाँसो छर्दैछ अब
मेरो ज्वरमुक्त सूर्य तिम्रो अँगालोमा
अब मलाई मेरो चट्याङ चुटुङहरूले पोल्दैनन्

(ज्वारमुक्त सूर्य, जलनमुक्त आकाश र तृप्त ताल)

यस कवितांशमा नाङ्गिएर भन्ने शब्द शारीरिक रुपमा नभई आत्मिक रुपमा खुला भएको, ज्वरमुक्त सूर्य शब्दले कष्ट र पीडामुक्त, सूर्य झै उज्यालो मन भएको, चट्याङ चुटुङहरूले पोल्दैनन् भन्ने शब्दले भूतकालीन दु:ख, पीडाले सताउँदैन अर्थात भूतकालको पीडा, अशान्ति र असन्तुष्टिबाट मुक्त भएको भाव व्यक्त गरिएकाले यसमा आर्थी विचलन भएको पाइन्छ ।

**भाषिकागत विचलन**

भाषिकाको प्रयोगबाट हुने विचलनलाई भाषिका प्रयोगगत विचलन भनिन्छ । भाषिका भनेको भाषाको क्षेत्रगत वा सामाजिक भेद हो । क्षेत्र र सामाजिक भेदका आधारमा भाषिकाका विविध रूपहरू हुन्छन् । कवितामा मानकका विपरीत क्षेत्रमा वा सामाजिक भेदको प्रयोग हुनु भाषिकागत विचलन हो । भाषिकाको प्रयोगले कवितामा स्थानीय रङ र क्षेत्रीय विशिष्टता झल्काउने हुनाले कविहरू भाषिकाको प्रयोग गर्छन् । यस्तो प्रयोगले कवितालाई प्रभावकारी बनाउन मद्दत गर्दछ । भूपी शेरचनद्वारा लिखित घुम्नेमेचमाथि अन्धो मान्छे कविता सङ्ग्रहभित्र सङ्ग्रहित कवितामा भने छिटपुट मात्रामा मात्र भाषिकाको प्रयोग भएको पाइए तापनि यसले कवितालाई विशिष्ट तुल्याउने काम

गरेको छ, जस्तै : द्यौता, सबथोक, पिट्तै, लुछ्तै, नुहेर, बर्ता, फरिया, हाँस्ता, ब्या, चितौन, सम्चार, साटोमा, कैयन, सोच्तै, सुर्जे, बर्षात, हैजे, पट्याइलाग्दो, चमरी, भैँचालो, नाच्तै, पैडिलमाथि आदि ।

**प्रयुक्ति विचलन**

एउटा परिस्थिति वा प्रसङ्गको भाषालाई अर्को परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्नु नै प्रयुक्ति विचलन हो । प्रयुक्तिगत विचलनले भाषालाई विशिष्ट तुल्याउँछ । भूपीका कविताहरूमा पनि यस्ता प्रयुक्तिगत विचलनहरू भेट्न सकिन्छ, जस्तैः

अबीरका थाल बोकेका आरुका रुखहरू,
लावाका थाल बोकेका आलुबखडाका रुखहरू
अनि स्कूलका केटाकेटीहरूभैँ
रङ्गीन भन्डाहरू हल्लाइरहेका फूलका सानासाना बोटहरू
*(वसन्त कविता)*

यस कवितांशमा वसन्त ऋतुमा आरुका रुखमा फुलेका रातो गुलाबी फुलमा अबीर र लावाका थालको प्रयोग गरिएको छ भने बोटहरूमा फुलेर हावाको वेगसँगै हल्लिएका रङ्गीचङ्गी फूलहरूमा स्कूलका केटाकेटीले हल्लाएका रङ्गीन भन्डाको प्रयोगद्वारा प्रयुक्ति विचलन गरिएको छ ।

**निष्कर्ष**

कविताका सन्दर्भमा भाषिक सौन्दर्य उत्पादन गर्नका लागि जानाजान गरिएको मानकको उल्लङ्घन नै विचलन हो । भाषिक कला प्रदर्शन नगरी साहित्यिक सौन्दर्य निर्माण हुन नसक्ने भएकाले कवितामा भाषिक विचलनको प्रयोग गरिन्छ । भूपी शेरचनका घुम्ने मेचमाथि अन्धो मान्छे कविता सङ्ग्रहभित्रका कविताहरूमा पनि कोशीय विचलन, व्याकरणिक विचलन, वर्णगत विचलन, आर्थी विचलन, भाषिकागत विचलन र प्रयुक्ति विचलनले कविताको भाषालाई नयाँ, नौलो र आकर्षकता पैदा गरेको छ । विचलनको सार्थक प्रयोगले भूपीका कविताहरूलाई सौन्दर्यता प्रदान गर्नुका साथै भावलाई प्रभावकारी बनाएको पाउन सकिन्छ । भाषिक विचलनकै कारण उनका कविता आलङ्कारिक, विशिष्ट, अग्रभूमीकृत र वक्रोक्तिमय बनेको उपर्युक्त अध्ययनबाट पुष्टि भएको छ ।

**सन्दर्भसूची**

कँडेल, श्रीप्रसाद, शाही, हर्क, न्यौपाने, दीपकप्रसाद र पोखरेल गोकुल (२०७४). *प्रायोगिक भाषाविज्ञान* शुभकामना प्रकाशन प्रा.लि ।

कुन्तक, (सन् १९५५), *वक्रोक्तिजीवित्.* (सम्पा.डा.नगेन्द्र.) आत्माराम एन्ड सन्स ।

ढुङ्गेल वासुदेव, अधिकारी, गणेशराज र गौतम वासुदेव (२०७६) *नेपाली कविता काव्य,* भुँडीपुराण प्रकाशन ।

भामह, (सन् २००८) *काव्यालङ्कार.* (व्या. रमणकुमार शर्मा) विद्यानिधि प्रकाशन ।

लज, डेभिड (सन् १९८८), *मोर्डन क्रिटिसिज्म एण्ड थेओरी* लन्डन एन्ड न्युयोर्क. लङम्यान ।

लामिछाने, मुक्तिकला. (२०२३) सेतो धरती उपन्यासमा भाषिक विचलन. *AMC Journal*, *4*(1), 157–168. https://doi.org/10.3126/amcj.v4i1.6386

लिच, जी.एन. (सन् १९६९). *अ लिङगुइस्टिक गाइड टु इङ्लिस पोइट्री.* लन्डन एन्ड न्युयोर्क : लङ्म्यान ।

वास्किन, वेड (२०११), *कोर्स इन जनरल लिङ्गुइस्टिक्स,* अनुवाद, कोलम्बिया युनिभर्सिटी प्रेस ।

शेरचन, भूपी, (वि.सं. २०२६) *घुम्ने मेचमाथि अन्धो मान्छे,* साझा प्रकाशन ।

Gautam, T.P., (2023). समसामयिक नेपाली कवितामा भाषिक विचलन *Journal of TUTA Tri-Chandra Campus Unit, Vol. 9, 2023 : ISSN: 2091-1890*

Pantha, N. P., & Poudel, I. (2025). चरिमाई उपन्यासमा भाषिक विचलन *Medha: A Multidisciplinary Journal*, *7*(2), 51–58. https://doi.org/10.3126/medha.v7i2.77200

Singh, Sanjeev Kumar (2023) पागल बस्ती उपन्यासमा भाषिक विचलन एक अध्ययन https://hdl.handle.net/20.500.14540/25750